# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

सातदोबाटो, ललितपुर

र

# कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

बीच भएको

## "पारस्परिक सहयोग तथा सूचना आदानप्रदान सम्बन्धी आपसी समझदारी पत्र"

## (Memorandum of Understanding- MOU)

२०८० कार्तिक १४

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

विषय सूची

१. समझदारी पत्रका पक्षहरु ........ १
२. आपसी समझदारी पत्रको अवधारणा तथा कानूनी आधार ........ २
३. समझदारी पत्रको उद्देश्य ........ २
४. पारस्परिक सहयोग तथा सूचना आदानप्रदान सम्बन्धी व्यवस्था ........ २
५. सम्पर्क व्यक्ति ........ ४
६. समझदारीपत्रको कार्यान्वयन/प्रारम्भ ........ ५
७. गोपनीयता सम्बन्धी व्यवस्था ........ ५
८. समझदारी पत्रको अवधि ........ ५

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स
२०५३

## १. समझदारी पत्रका पक्षहरु

### १.१ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था:

नेपालमा लेखा व्यवसायको विकास तथा सम्बर्द्धन गर्न तथा लेखा व्यवसायको नियमनकारी निकायको रुपमा कार्य गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (बि सं २०५३ को ऐन नं २२) को दफा ३ बमोजिम नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (यस पछि "संस्था वा आइक्यान" भनिएको) स्थापना भएको हो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ५ बमोजिम संस्थाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) राष्ट्रको आर्थिक विकास गर्नको निमित्त लेखा व्यवसायको सुदृढीकरण गरी विकसित गर्दै लैजान सदस्यलाई आचार संहिताको परिधि भित्र रही लेखा व्यवसाय गर्न उत्प्रेरित गर्ने नियमनकारी निकाय (रेगुलेटरी बडी) को भूमिका निर्वाह गर्ने ।

(ख) लेखाको महत्व तथा लेखा व्यवसायीको आर्थिक एवं सामाजिक उत्तरदायित्व प्रति जन चेतना जगाई लेखा व्यवसायको सम्बन्धमा सामाजिक मान्यता तथा विश्वास अभिवृद्धि गर्ने ।

(ग) लेखा व्यवसाय र लेखाको महत्व प्रति लेखा व्यवसायीको उत्तरदायित्व वोध गराई लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धन गर्ने ।

(घ) लेखा व्यवसायलाई मर्यादित र विश्वासिलो बनाउन लेखा व्यवसायीको दर्ता, योग्यता तथा परीक्षा प्रणालीलाई अन्तराष्ट्रिय मान्यता र प्रचलन अनुरुप विकसित गर्ने ।

### १.२. कम्पनी रजिष्ट्रारको कार्यालय :

कम्पनी ऐन, २०६३ बमोजिम नेपालमा कम्पनीहरुको दर्ता, कम्पनी प्रशासन, खारेजी लगायत कम्पनी ऐन, २०६३ मा उल्लिखित विषयहरुको प्रभावकारी कार्यान्वयन गरी संस्थागत सुशासन अभिबृद्दि गर्न कम्पनी रजिष्ट्रारको कार्यालय (यस पछि "कार्यालय" भनिने) को स्थापना भएको हो ।

माथि उल्लेखित संस्था र कार्यालयबीच पारस्परिक सहयोग र सूचना आदान प्रदानका विषयमा समझदारी कायम गर्न यो आपसी समझदारीपत्र सम्पन्न गरिएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

## २. आपसी समझदारी पत्रको अवधारणा तथा कानूनी आधार

अर्थतन्त्रको महत्वपुर्ण हिस्साको रुपमा रहेका कम्पनीहरुको दिगो विकास तथा स्थायित्वका लागि सहकार्य गर्ने, कम्पनी सम्बन्धी नीति नियम तथा कानूनको कार्यान्वयनका सम्बन्धमा आवश्यक सहकार्य गर्ने, कार्यालयमा दर्ता रहेका कम्पनीहरुको गतिविधिहरुलाई थप पारदर्शी एवं प्रतिस्पर्धी बनाई संस्थागत सुशासन कायम गर्ने, वैदेशिक लगानीलाई अझ उल्लेख्य रुपमा बढाउन सहकार्य गर्ने र सेयरधनीहरुको हित सुरक्षित गर्न सहकार्य गर्ने, संस्थाका सदस्यहरुबाट प्रदान हुने लेखापरीक्षण लगायत लेखासम्बन्धी विशेषज्ञ सेवाहरुको प्रभावकारिता अभिवृद्धि गर्ने, लेखा व्यवसायलाई विश्वासिलो बनाउन सहकार्य गर्ने, कार्यालयमा दर्ता रहेका कम्पनीहरुमा नेपाल वित्तीय प्रतिवेदन मान **(NFRS)** लगायतका सान्दर्भिक लेखामानहरुको कार्यान्वयनमा सहजीकरण गर्ने तथा कम्पनीका वित्तीय प्रतिवेदनहरुको आवश्यकता अनुसार अध्ययन तथा विश्लेषणका लागि सहकार्य गर्ने साथै लेखा, लेखा व्यावसाय, वित्तीय व्यवस्थापन तथा समग्र अर्थ व्यवस्थासँग सम्बन्धित नीतिगत विषयमा सहकार्य गर्ने लगायतका अवधारणा सहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१, कम्पनी ऐन, २०६३ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेगरी यो समझदारी पत्र सम्पन्न गरिएको छ ।

## ३. समझदारी पत्रको उद्देश्य

संस्था तथा कार्यालय बीच भएको यस समझदारी पत्रको उद्देश्य लेखा, लेखाव्यवसाय, वित्तीय व्यवस्थापन, कम्पनी प्रशासन तथा समग्र अर्थव्यवस्थासँग सम्बन्धित विषयहरुमा एक आपसमा सहकार्य, प्राविधिक सहयोग तथा सूचना आदान प्रदान गर्ने रहेको छ ।

## ४. पारस्परिक सहयोग तथा सूचना आदानप्रदान सम्बन्धी व्यवस्था

४.१ संस्था तथा कार्यालयले लेखा, लेखा व्यवसाय, कम्पनी प्रशासन तथा समग्र अर्थ व्यवस्थासँग सम्बन्धित नीतिगत विषयमा आवश्यकता अनुसार पारस्परिक सहकार्य, प्राविधिक सहयोग तथा राय परामर्श आदान प्रदान गर्न सक्नेछन् ।

४.२ संस्थाको पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले लेखापरीक्षण वा प्रमाणिकरण लगायतका कुनैपनि कार्यहरु गर्दा सो सम्बन्धमा Unique Documentation Identification Number (UDIN) लिई प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा लागू गरिसकेकोले सो को प्रभावकारी कार्यान्वयन तथा नियमनको लागि आवश्यक सहकार्य गर्ने साथै संस्थाका पेशागत प्रमाणपत्र प्राप्त सदस्यले हस्ताक्षर गरी कार्यालयमा पेश गर्ने प्रत्येक प्रतिबेदन वा कागजातमा उल्लिखित UDIN

नम्वर सम्वन्धमा दुवै निकायको सिस्टममा Application Programming Interface निर्माण गरी Real Time Verification गरेर मात्र अभिलेख स्वीकार गर्ने व्यवस्था मिलाइनेछ ।

४.३ कार्यालयमा दर्ता रहेका कम्पनीहरुमा वित्तीय पारदर्शिता र सुशासनको अवस्था सुदृढ गर्न संस्था तथा कार्यालयले सहकार्य गर्न सक्नेछन् ।

४.४ संस्थाका सदस्यहरुले प्रदान गर्ने सेवाको गुणस्तरीयता वृद्धि गर्ने तथा संस्थाका सदस्यले आचरण विपरीत गर्न सक्ने कार्यहरुको प्रभावकारी सुपरीवेक्षण तथा नियमन गर्ने प्रयोजनार्थ कार्यालयले प्राप्त गरेका सुचनाहरु तथा उपलब्ध भएका प्रमाण समेत संलग्न गरी कानूनी दायराको अधिनमा रही संस्थामा उपलब्ध गराउन सक्नेछ ।

४.५ संस्था तथा कार्यालयले कार्यालयमा दर्ता रहेका कम्पनीहरुमा सस्थाद्वारा जारी गरीएका NFRS तथा अन्य सान्दर्भिक सर्वमान्य लेखामानहरुको कार्यान्वयनमा आवश्यकता अनुसार सहजीकरण गर्न र कार्यालय द्वारा जारी गरीएका परीपत्र तथा सुचनाहरु को बारेमा संयुक्त रुपमा तालिम तथा प्रशिक्षण कार्यक्रम आयोजना गर्न तथा सो सम्बन्धी प्राविधिक परामर्श आदानप्रदान गर्न सक्नेछन् । साथै नियमन तथा अनुगमनको लागि आवश्यक सहकार्य गर्न सक्नेछन् ।

४.६ संस्था तथा कार्यालयले आवश्यकता अनुसार कार्यालयमा दर्ता रहेका कम्पनीहरुको वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन तथा विश्लेषण सम्बन्धमा आपसी राय परामर्श लिन/दिन सक्नेछन् ।

४.७ संस्था तथा कार्यालयले कार्यालयमा दर्ता रहेका कम्पनीहरुको लेखापरीक्षणको राय तथा सो रायले पार्न सक्ने असरको विश्लेषण गर्न र उक्त अवस्थामा आवश्यक पर्ने नियमनकारी व्यवस्था लागू गर्न आपसी सहकार्य तथा परामर्श गर्न सक्नेछन् ।

४.८ संस्था तथा कार्यालयले कम्पनी सम्बन्धी नीति नियम तथा कानूनको कार्यान्वयन प्रभावकारी बनाउन सहकार्य गर्न सक्नेछन् ।

४.९ नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा २८ बमोजिम लेखापरीक्षण सेवा प्रदान गर्न चाहनेले सोही दफा बमोजिम संस्थामा निवेदन दिई संस्थाबाट पेशागत प्रमाण पत्र लिनु पर्ने, त्यस्तै दफा २८ क ले लेखा व्यवसायी संस्थाको नामबाट लेखापरीक्षण सेवा संचालन गर्न चाहने पेशागत प्रमाणपत्र प्राप्त सदस्यले त्यस्तो संस्था दर्ता गर्न तोकिए बमोजिमको ढाँचामा यस संस्थामा दरखास्त दिनुपर्ने व्यवस्था गरेको, सोही ऐनको दफा २९ को व्यवस्था बमोजिम यस संस्थाबाट सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त नगरी कुनै पनि व्यक्तिले लेखापरीक्षण सेवा प्रदान गर्न पाउने छैन भन्ने व्यवस्था गरेको, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५७ बमोजिम लेखापरीक्षण गर्न चाहने संस्थाका सदस्यहरुले एकल वा साझेदारी फर्मको रुपमा आइक्यानमा दर्ता

गर्नुपर्ने व्यवस्था रहेको हुँदा संस्थाबाट पेशागत प्रमाण पत्र प्राप्त गरेका व्यक्तिले समेत कार्यालयमा लेखा व्यवसायी, लेखा र लेखासम्बद्ध विषयमा परामर्श सेवा समेतको उद्देश्य राखी कम्पनी दर्ता गराउन आएमा संस्थाको रांय परामर्शमा वा आवश्यक परेमा सस्थाको अनुमती पछि मात्र त्यस्ता कम्पनी दर्ता गर्न सक्ने व्यवस्था कार्यालयले मिलाउने छ ।

४.१० संस्था तथा कार्यालयले आफ्नो कार्य क्षेत्रभित्र पर्ने कम्पनीहरुको वित्तीय लगायत समग्र व्यवस्थापन, कम्पनी साक्षरता, लेखा व्यवसायीहरुको क्षमता अभिबृद्दि लगायतका विषयहरुमा क्षमता अभिबृद्धि गर्न आवश्यक पर्ने तालिम, गोष्ठी लगायतको व्यवस्थापन गर्ने विषयमा आवश्यक पहल कदमी तथा सहकार्य गर्न सक्नेछन् ।

४.११ संस्था तथा कार्यालयले कम्पनीहरुले कार्यालय लगायतका निकायहरुमा बुझाउनुपर्ने तथा प्रकाशन गर्नुपर्ने आवधिक तथा वार्षिक विवरणहरुलाई पारदर्शी र यथार्थ बनाउन गर्न सकिने कार्यहरुको विषयमा आपसी सहकार्य तथा परामर्श गर्न सक्नेछन् ।

४.१२ संस्था तथा कार्यालयले यस समझदारी अनुसार काम भए-नभएको बारेमा आबश्यक छलफल गर्न प्रत्येक आर्थिक बर्षको कम्तीमा दुई पटक (श्रावण र माघ महिनामा) बैठक बसी समीक्षा गर्ने र छलफलवाट उठान भएका उचित विषय र प्राप्त सुझावहरुको कार्यान्वयन गर्नेछन ।

## ५. सम्पर्क व्यक्ति

यस समझदारी पत्रको कार्यान्वयनलाई प्रभावकारी बनाउन संस्था तथा कार्यालयको तर्फबाट हाललाई निम्नानुसारका अधिकारीहरुलाई सम्पर्क व्यक्तिको रुपमा तोकिएको छ । उल्लेखित व्यक्ति परिवर्तन भएमा एक अर्का निकायलाई यथासक्य चाँडो जानकारी गराउनुपर्नेछ ।

| निकाय | सम्पर्क व्यक्तिको नाम | पद | सम्पर्क नं. | ईमेल ठेगाना |
|---|---|---|---|---|
| नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | सि.ए. किरण कुमार खत्री | निर्देशक | ९८५१०६८३७१ | kiran.khatri@ican.org.np |
| कम्पनी रजिष्ट्रारको कार्यालय | वर्तराज पौडेल | उप रजिष्ट्रार | ९८५६०२५१६६ | bartaraj2009@gmail.com |

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

## ६. समझदारीपत्रको कार्यान्वयन/प्रारम्भ

यस समझदारी पत्रमा दुवै पक्षका अधिकार प्राप्त प्रतिनिधिहरुले हस्ताक्षर गरेपछि लागू हुनेछ । यस समझदारी पत्रमा कुनै थपघट वा संशोधन गर्नुपरेमा आवश्यकता अनुसार दुवै पक्षले आपसी समझदारीमा थपघट वा संसोधन गर्न सक्नेछन् ।

## ७. गोपनीयता सम्बन्धी व्यवस्था

संस्था तथा कार्यालयले यस समझदारी पत्रको कार्यान्वयन गर्ने क्रममा प्राप्त गरेका जानकारी तथा सूचनाको प्रचलित कानून बमोजिम गोपनियता कायम राख्नुपर्नेछ ।

## ८. समझदारी पत्रको अवधि

यस समझदारी पत्रको अवधि हस्ताक्षर कर्ता संस्था तथा कार्यालय दुवै पक्ष वा कुनै एक पक्षले अन्त्य नगरे सम्म निरन्तर कायम रहनेछ ।

संस्थाको तर्फबाट

..............................

(सि.ए. सुजन कुमार काफ्ले)
अध्यक्ष
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोवाटो, ललितपुर

कार्यालयको तर्फबाट

..............................

(श्री महेश बराल)
रजिष्ट्रार
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं

रोहवर,

..............................

(सि.ए. सन्जय कुमार सिन्हा)
कार्यकारी निर्देशक
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
सातदोवाटो, ललितपुर

..............................

(वर्तराज पौडेल)
उप रजिष्ट्रार
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं ।

मिति २०८०/०७/१४